# गौरीगङ्गा नगरपालिका
# कार्यपालिकाको कार्यालय

चौमाला, कैलाली

पत्र सङ्ख्या : २०८३/०८४

चलानी नं. : १५४

मिति:- २०८३/४/१९

**विषयः- विद्यालय लेखा परीक्षण गर्न निवेदन आह्वान गरिएको सूचना।**

यस नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुको आ.व. २०८२/०८३ को लेखा परीक्षण गराउनु पर्ने भएकोले इच्छुक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) मा सूचीकृत भएका लेखापरीक्षकहरुले तपसिल अनुसारका कागजात सहित मिति २०८३/०५/०२ भित्र यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा स्वयम आफैं उपस्थित भई निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै रित पूर्वक पेस नभएका निवेदन उपर कुनै कारवाही हुने छैन।

(चित्र राज जोशी)
अधिकृत (सातौं)

तपसिलः

१. लेखाव्यवसायी फर्म/संस्था दर्ता (लेखापरीक्षण दर्ता) प्रमाणपत्रको प्रतिलिपि।
२. आ.व. २०८२/०८३ सम्मको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि।
३. पेशागत प्रमाणपत्र नवीकरण रसिद वा लेखा व्यवसायी संस्था नवीकरण निस्साको प्रतिलिपि।
४. पेशागत प्रमाणपत्रको प्रतिलिपि।
५. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
६. स्थायी लेखा नम्वर (PAN वा VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
७. हाल सरकारी सेवामा कार्यरत लेखापरीक्षकहरुले नियमानुसार विभागीय (स्वीकृत) अनुमतिपत्र।
८. सम्पर्क मोबाइल नम्बर तथा स्वघोषणा पत्र।

**बोधार्थ :**

श्री सूचना प्रविधि शाखा Website मा अपलोड गरिदिनुहुन।